# goAML Reporting सम्बन्धी Knowledge Sharing तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले सञ्चालनमा ल्याएको goAML system मा रेमिट्यान्स कम्पनीहरुलाई पूर्ण रुपमा आवद्ध गर्ने उद्देश्यले इकाईको आयोजनामा मिति २०७९ वैशाख २२ गते काठमाडौँमा १ दिने Knowledge Sharing तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा इकाई, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग तथा विप्रेषण तथा मुद्रा स्थानान्तरण सम्बन्धी कार्य गर्ने संस्थाहरुको सहभागिता रहेको थियो ।




कार्यक्रममा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले वित्तीय सेवा प्रदान गर्दा अपराधी तथा आतंकवादीहरुलाई वित्तीय प्रणालीमा प्रवेश गर्न नदिन तथा समयमै पहिचान गर्न अत्यन्त आवश्यक रहेकाले सीमा कारोबार विवरण तथा शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन ऐनले तोके बमोजिम समयमै इकाईमा पेश गर्न आह्वान गर्नुभयो । गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक श्री मनोज पोखरेलले goAML System मा आवद्ध हुँदा छिटो तथा गोप्य ढँगले प्रतिवेदन पेश गर्न सकिने हुँदा छिटो भन्दा छिटो यस प्रणालीमा आवद्ध हुन सम्पूर्ण रेमिट्यान्स कम्पनीहरुलाई अनुरोध गर्नुभएको थियो ।

इकाईका उप-निर्देशक श्री स्वरुप श्रेष्ठले कार्यक्रमबारे जानकारी गराउदै सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुभएको थियो भने इसेवा मनि ट्रान्सफर प्रा.लि. का कार्यान्वयन अधिकारी श्री रक्षा गीरीले 'goAML Reporting' सम्बन्धी आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा उठेका जिज्ञासाहरुबारे इकाई प्रमूख दीर्घ बहादुर रावल, उप-निर्देशक स्वरुप श्रेष्ठ तथा इकाईका सूचना प्रविधि कर्मचारीद्वय विवेश पोखरेल र दीपक पराजुलीले सम्बोधन गर्नुभएको थियो भने रन्जना गोतामे तथा यज्ञ प्रसाद सापकोटाले कार्यक्रमको

सहजीकरण गर्नुभएको थियो । निर्देशनसँग सम्बन्धित जिज्ञासाहरुबारे गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक श्री मनोज पोखरेल तथा सहायक-निर्देशक सफल श्रेष्ठले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक अमिष शर्माले गर्नुभएको थियो ।

